नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

**मितिः २०७८/०९/१४**

## प्रेस विज्ञप्ती

**(क)राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धि मुद्दा उच्च अदालत पाटनमा मिति २०७८।०९।१४ गतेमा दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- जिल्ला बारा, भवानीपुर जीतपुर गा.वि.स. वडा नं. ३ बस्ने युनिक लुद्दिन इन्टरनेशनल प्रा.लि. (स्था.ले.नं. ६०५९५६२७०) को सञ्चालक जमालद्दिन अंसारी ।
- जिल्ला सिराहा राजपुर ५ स्थायी ठेगाना भइ हाल महालक्ष्मी नगरपालिका वडा नं. १ इमाडोल ललितपुर बसोवास जय किशोर साह ।
- जिल्ला सिराहा रामपुर -९ पिपरा बस्ने सुर्यजित प्रसाद साह ।
- जिल्ला सर्लाही साविक भक्तिपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भइ हाल कागेश्वरी नगरपालिका वडा नं. १३ काँडाघारी बस्ने तोयनाथ अधिकारी ।

२. **कसूरको संक्षिप्त विवरणः** युनिक लुद्दिन इन्टरनेशनल प्रा.लि. (स्था.ले.नं. ६०५९५६२७०)ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूरगरेको देखिएको ।

३. **कायम भएको बिगो र सजायको मागदावीः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क), (ख) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले सोही ऐनको दफा २(छ१)(ङ) बमोजिमको मूल्य अभिबृद्धि कर रकम रु. ५,३५,१२,८०४।-, आयकर रकम रु. ९,३४,२७,०११।- लाभांसकर रकम रु. १,३५,०६,६१८।- समेत गर्दा हुन आउने कूल राजस्व रकम रु. **१६,०४,४६,४३३।- (सोह्र करोड चार लाख छयालिस हजार चार सय तेतीस रुपैया मात्र)** कायम गरी सोही ऐनको दफा २३(१) र २३(२) बमोजिम जफत एवं असूल उपर गरी विगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१)(घ) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • जमालद्दिन अंसारी<br>• जय किशोर साह<br>• सुर्यजित प्रसाद साह<br>• तोयनाथ अधिकारी | १६,०४,४६,४३३।- | १६,०४,४६,४३३।- | ३२,०८,९२,८६६।- |

## (ख)राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धि मुद्दा उच्च अदालत पाटनमा मिति २०७८।०९।१४ गतेमा दायर गरिएको ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला बारा, प्रसौनी गा.वि.स. वडा नं. १ साविक ठेगाना भई हाल प्रसौनी गाउँपालिका वडा नं. ५ बस्ने न्यू माया ट्रेड कन्सर्न (स्था.ले.नं. ६०१९५२८९०) को प्रोपाइटर भुवन मुखिया विन।

२. **कसूरको संक्षिप्त विवरणः** न्यू माया ट्रेड कन्सर्न (स्था.ले.नं. ६०१९५२८९०)ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूरगरेको देखिएको ।

३. **कायम भएको बिगो र सजायको मागदावीः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क), (ख) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले सोही ऐनको दफा २(छ१)(ङ) बमोजिमको मूल्य अभिबृद्धि कर रकम रु. १३,७३,५०।- आयकर रकम रु. १७,६९,१५६।- समेत गर्दा हुन आउने कूल राजस्व रकम **रु.३१,४२,६५६।- (एक तिस लाख वयालीस हजार छ सय सन्ताउन्न मात्र)** कायम गरी सोही ऐनको दफा २३(१) र २३(२) बमोजिम जफत एवं असूल उपर गरी विगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • भुवन मुखिया विन | ३१,४२,६५६।- | ३१,४२,६५६।- | ६२,८५,३१२।- |

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

**(ग) राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमयसम्बन्धि मुद्दा काठमाण्डौ जिल्ला अदालत, बबरमहलमा मिति २०७८।०९।१४ गतेमा दायर गरिएको ।**

१. <u>अभियुक्तको विवरण:</u>

- जिल्ला झापा दमक नगरपालीका वडा नं. ११ स्थायी ठेगाना भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २९, मैतिदेवी घर भएको बुद्ध ज्वेलरी वर्कशप प्रा.लि. (स्था.ले.नं. ६०४३७४७९०) का संचालक वर्ष **बुद्ध विश्वकर्मा (शंकर)**
- जिल्ला झापा, विर्तामोड नगरपालिका वडा नं. ०५ का बुद्ध ज्वेलरी वर्कसप प्रा.लि.(स्थायी लेखा नं.६०४३७४७९०) का संचालक **मेघराज विश्वकर्मा**
- जिल्ला झापा बिर्तामोड नगरपालिका वडा नं. ८, गरमनी बस्ने वर्ष २६ को **अमिर लगुन विश्वकर्मा**
- जिल्ला मोरङ्ग, लेटाङ्ग नगरपालिका वडा नं. ३ बस्ने वर्ष २६ को **बुद्धिमान खाती**

२. **<u>संक्षिप्त विवरण:</u>** बुद्ध ज्वेलरी वर्कशप प्रा.लि. (स्था.ले.नं. ६०४३७४७९०) का संचालक वर्ष **बुद्ध विश्वकर्मा (शंकर)** समेतले अवैध रुपमा सुन ओसार पसार गरेको ।

३. **<u>कायम भएको बिगो र सजायको मागदावी:</u>** सुन पैठारी गर्दा राष्ट्र बैकको निर्देशन कार्यबिधीका साथै प्रचलित बिदेशी बिनिमय ( नियमित गर्ने) ऐन २०१९ (संसोधन सहित) अनुसार प्रक्रिया पुर्याउनु पर्नेमा सोको बिपरितको कार्य गरेको । प्रतिवादीहरुले सुन तथा सुनका गहना अबैध रुपमा नेपाल भित्र ल्याउन रु. **१२,०५,८५,९७८।- (बाह्र करोड पाच लाख पचासी हजार नौ सय अठहत्तर)** बराबरको बिदेशी बिनिमय अवैध रुपमा बिदेश पठाई अवैध सुन अवैध तरिकाबाट चोरी निकासी गरी बिदेश बिनिमय(नियमित गर्ने) ऐन २०१९ को दफा ८(२) बमोजिमको प्रकृया पुरा नगरी अवैध तरिकाले बिदेशमा भुक्तानी गरी ऐ ऐनको दफा (९ग) बमोजिमको कसुर अपराध गरेको स्पष्ट भएको हुदा प्रतिबादीहरु **बुद्ध बिश्वकर्मा(शंकर), भेघराज बिश्वकर्मा, अमिर लगुन बिश्वकर्मा र बुद्धिमान खाती**लाई सोही ऐनको दफा १७(१) र दफा १७(९) बमोजिम सजायको मागदावी सहित विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १८क. बमोजिम मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | बिगो | सजाय हुने बिगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • बुद्ध विश्वकर्मा (शंकर)<br>• मेघराज विश्वकर्मा<br>• अमिर लगुन विश्वकर्मा<br>• बुद्धिमान खाती | १२,०५,८५,९७८।- | १२,०५,८५,९७८।- | २४,११,७१,९५६।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**


टेलिफोनः ०८१-५४०२३९, ०८१-५४०००४, ०८१-५४००३९, ०८१-५४१९९९
Website:- riokohalpur.dri.gov.np, Email: kohalpur@dri.gov.np, irokohalpur@gmail.com
गुगल प्लस कोडः-5MWQ+VP,Kohalpur